नेपाल इण्डष्ट्रियल एण्ड
कमर्सियल बैंक लिमिटेड

**Nepal Industrial &**
**Commercial Bank Ltd.**

# प्रथम वार्षिक साधारणसभा

वार्षिक प्रतिवेदन
२०५४-२०५५

# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड बिराटनगर

## २०५५ श्रावण ४ गते सम्मको आम्दानी खर्चको विवरण

| खर्च | | | जम्मा | | |
|---|---|---|---|---|---|
| **शीर्षक** | **रकम** | **जम्मा रकम** | **शीर्षक** | **रकम** | **जम्मा रकम** |
| १ तलब भत्ता तथा पारिश्रमिक | | ४६६,६९५.५६ | १ ब्याज आम्दानी | | ६४८,०९१.२८ |
| (क) तलब भत्ता | ४५५,७५५.५७ | | २ खुद पूर्व संचालन खर्च वासलातमा सारेको | | ६,८५४,७७०.६९ |
| (ख) अन्य (सन्चय कोष) | १०,९३९.९९ | | | | |
| २ संचालक सभा शुल्क र अन्य खर्च | | ८७,०००.०० | | | |
| (क) संचालक सभा शुल्क | ८७,०००.०० | | | | |
| (ख) अन्य खर्च | | | | | |
| ३ भ्रमण खर्च | | ५३८,२७४.७० | | | |
| ४ टिकट, टार, टेलिफोन | | १२४,९९४.१२ | | | |
| ५ विद्युत धारा महशूल | | ४३,८६५.७५ | | | |
| ६ छपाई तथा मसलन्द (स्टेशनरी) | | १३७,९५३.०० | | | |
| (ख) छपाई खर्च | १३७,९५३.०० | | | | |
| ७ विज्ञापन | | १४४,२९३.८० | | | |
| ८ सल्लाहकार खर्च | | ३,३१४,७७५.०० | | | |
| ९ रिटेनर फि | | १,०८०,०००.०० | | | |
| १० घर भाडा | | २९२,०८३.३३ | | | |
| ११ ब्याज खर्च (कर्जामा) | | ५९,९३५.३५ | | | |
| १२ बीमा खर्च | | ६,५३७.५१ | | | |
| १३ फुटकर अन्य | | ८३१,६९५.३४ | | | |
| (क) पुस्तक पत्रिका | ६५,९४९.१५ | | | | |
| (ख) अभ्यागत (अतिथि सत्कार) | ४५८,९४९.९९ | | | | |
| (ग) फुटकर सामान | ५१,५५१.४० | | | | |
| (घ) सवारी भाडा | १७,८३५.०० | | | | |
| (ङ) इन्धन | १,०८०.०० | | | | |
| (च) उपहार | ११२,०००.०० | | | | |
| (छ) विविध अन्य | १०४,३१९.८० | | | | |
| १४ मर्मत सम्भार | | ११,८१६.०० | | | |
| १५ बैंक कमिशन | | ७,९८०.५१ | | | |
| १६ लेखापरीक्षण शुल्क | | २०,०००.०० | | | |
| १८ प्रारम्भिक खर्च | | ३३४,९७०.०० | | | |
| | | ७,५०२,८६१.९७ | | | ७,५०२,८६१.९७ |

मिति :

लेखा प्रमुख

कार्यकारी निर्देशक

अध्यक्ष

संचालकहरु

हाम्रो छुट्टै प्रतिवेदन अनुसार

(रत्न राज बज्राचार्य, FCA)
आर. बज्राचार्य एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्ट

# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड विराटनगर
## २०५५ श्रावण ४ गतेको वासलात

| पूंजी र दायित्व | रकम | जम्मा रकम | सम्पत्ति | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ शेयर पूंजी (चुक्ता) | ८१,२५०,०००.०० | ८१,२५०,०००.०० | १ बैंक तथा नगद मौज्दात | | ६३,०७९,२५६.०३ |
| २ अन्य दायित्व (तिर्न बांकी हिसाब) | | ३,१०७,०३९.५७ | (क) सानो नगदी कोष | ५६,४८९.७५ | |
| (क) कर | ९८,७५६.९४ | | (ख) रा.बा.बैंक चल्ती खाता | ५४,९४२.७१ | |
| (ख) कर्मचारी संचयकोष | ११,१३१.८६ | | (ग) नेपाल राष्ट्र बैंक | ६२,९६७,८२३.५७ | |
| (ग) भुक्तानी बांकी खर्चहरु | २,९९७,१५०.७७ | | | | |
| | | | २ स्थिर सम्पत्ति | | १०,४०६,२२९.७१ |
| | | | (क) अफिस फर्निचर फिक्चर (काठ) | १,१८२,१०४.०० | |
| | | | (ख) अफिस फर्निचर धातु | ८९९,६९९.९९ | |
| | | | (ग) सवारी साधन | ३,०१०,४५५.०० | |
| | | | (घ) कार्यालय उपकरण | २,४३३,९७०.७२ | |
| | | | (ङ) कम्प्युटर उपकरण (हार्डवेयर) | २,४००,०००.०० | |
| | | | (च) कम्प्युटर सफ्टवेयर | ४८०,०००.०० | |
| | | | ३ अन्य सम्पत्ति | | १,४७३,९४४.४८ |
| | | | (क) मसलन्द मौज्दात | ६१४,२३७.०० | |
| | | | (ख) बीमा अग्रिम भुक्तानी | ४५,४०७.४९ | |
| | | | (ग) घर भाडा अग्रिम भुक्तानी | ४०८,९१६.६७ | |
| | | | (घ) असूल उपर गर्नु पर्ने हिसाब | ४०५,२८३.३२ | |
| | | | ४ अपलेखन गर्न बांकी खर्च | | ९,३९७,६०९.३५ |
| | | | पूर्व सन्चालन/प्रारम्भिक खर्च | ६,८५४,७७०.६९ | |
| | | | लिजमा लिएको घरमा निर्माण | २,५४२,८३८.६६ | |
| | | ८४,३५७,०३९.५७ | | | ८४,३५७,०३९.५७ |

**R. BAJRACHARYA**
**& Co.**
Chartered Accountants

P.O. Box 1989
Kathmandu, Nepal
Tel. : 421684
Fax : 977-1-424247

Putali Sadak, Dhobidhara
Kathmandu, Nepal

Ref.: ____________

Email: ratnaraj@mos.com.np

Kathmandu ____________

# नेपाल ईण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि., विराटनगरको प्रारम्भीक तथा पूर्वसंचालन खर्च सम्वन्धी शेयरधनी महानुभावहरु समक्ष

## लेखा परिक्षकको प्रतिवेदन

हामीले नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड, विराटनगरको यसै साथ संलग्न २०५५ श्रावण ४ गते (बैंकले व्यवसायिक कारोवार प्रारम्भ गरेको अघिल्लो दिन) को वासलात तथा उक्त मिति सम्मको बैंकको पूर्व संचालन आम्दानी खर्चको विवरण बैंकले कायम गरेको हिसाव किताब, अभिलेख तथा संचालक समितिबाट स्वीकृत भए अनुसारको खर्च विवरणको आधारमा लेखा परिक्षण सम्पन्न गरी निम्न प्रतिवेदन पेश गरेका छौ।

हाम्रो विचारमा,

(क) हामीले लेखा परिक्षण सम्पन्न गर्न आवश्यक ठानी माग गरेका सूचना र स्पष्टीकरणहरु उपलब्ध भएका छन।

(ख) प्राप्त भएको वासलात तथा पूर्व संचालन आम्दानी खर्चको विवरण कम्पनी ऐनको आवश्यकतानुसार रहेका छन र बैंकले राखेको लेखा संग दुरुस्त रहेका छन।

(ग) कानून बमोजिम बैंकले हिसाव किताब र लेखा ठिक संग राखेको देखिएको छ।

(घ) हामीलाई दिइएको जानकारीहरु एवं तल उल्लेखित <u>लेखा सम्वन्धी टिप्पणीहरु</u>को आधारमा वासलातले २०५५ श्रावण ४ गतेको बैंकको आर्थिक अवस्थाको तथा आम्दानी खर्च विवरणले उक्त मिति सम्मको आम्दानी तथा खर्च रकमको सहि तथा दुरुस्त चित्रण गर्दछ।

(ङ) हामीलाई दिइएको जानकारीहरु एवं दिइएको स्पष्टीकरणहरुको आधारमा बैंकको संचालक समिति वा प्रतिनिधी वा कुनै कर्मचारीले कानून विरुध्द काम गरेको वा वेहिसाव गरेको वा बैंकको हानी नोक्सानी गरेको जानकारीमा आएको छैन।

<u>लेखा सम्वन्धी टिप्पणी</u>

१. बैंकले पूर्वसंचालन अवधिमा संकलन गरेको शेयर पुंजी वापतको रकम लगानी गरी प्राप्त भएको ब्याज आम्दानीलाई पुर्व संचालन खर्चमा न्यून हुने गरी समायोजन गरिएको छ।

२. बैंकले खरिद गरेका स्थीर सम्पति प्रकृतिका सामानहरुलाई परल मूल्यमा पुंजीकरण गरीएको छ।

३. मिति २०५५ श्रावण ४ गते सम्म स्वीकृत भै सकेको तर भुक्तान हुन बाँकि रहेका खर्चहरुलाई दायित्व तथा सो दिन भन्दा पछिको अवधिको निमित्त भुक्तान भएका खर्चहरुलाई अग्रिम भुक्तानी (सम्पति) को रुपमा कायम गरीएको छ। त्यस्तै, उक्त दिनमा बैंकको व्यवसायिक कार्य संचालनको निमित्त खरिद भै प्राप्त मसलन्द मौज्दातलाई व्यवस्थापनले मूल्यांकन गरेको मूल्यमा मौज्दात हिसाबमा समायोजन गरीएको छ।

४. संलग्न आम्दानी खर्च हिसाव अनुसार कायम हुन आएको जम्मा पूर्व संचालन खर्च रु. ६८,५४,७७०।६९ लाई बैंकको भविष्यमा हुने व्यवसायिक कारोवार मुनाफावाट अपलेखन गर्ने गरी वासलातमा सारीएको छ।

काठमाडौं,
२०५५ मार्ग ११

(रत्नराज बज्राचार्य, एफ.सि.ए.)
आर. बज्राचार्य एण्ड कं.
चार्टर्ड एकाउण्टेण्टस

R. Bajracharya & Co. Chartered Accountants KTM. NEPAL

(ii) बैंकको दैनिक काम कारोवार संचालनको लागि अन्तिम जिम्मेवारी बहन गर्ने गरी प्रमुख कार्यकारी अधिकृत लगायत प्रबन्धक, लेखा अधिकृत आदि आवश्यक कर्मचारी हरुको नियुक्ती संचालन समितिले गरेको हुंदा अनुमोदन गरिदिनु हुन अनुरोध गर्दछु ।

| नाम | पद | ठेगाना |
|---|---|---|
| १. श्री के.आर. अय्यर | प्रमुख कार्यकारी अधिकृत | विराटनगर |
| २. श्री जनक शर्मा पौडयाल | शाखा प्रबन्धक | विराटनगर |
| ३. श्री राजेन्द्र शिवाकोटी | सहायक प्रबन्धक | विराटनगर |
| ४. श्री भेषराज खतिवडा | लेखा अधिकृत | विराटनगर |

(iii) संचालक समितिको मिति २०५५/१/१० को निर्णयानुसार श्री रत्नराज बज्राचार्य (आर. बज्राचार्य एण्ड कम्पनि) चार्टर्ड एकाउण्टेण्टलाई नियुक्त गरी निजबाट आम्दानी खर्चको लेखा परिक्षण गराएको सर्मथन गरि दिन हुन अनुरोध गर्दछु ।

(च) यस बैंकको अधिकृत पूंजी र जारी तथा भुक्तानी पूंजी बृद्धि गर्नु पर्ने भई श्री नेपाल राष्ट्र बैंक बाट स्वीकृति प्राप्त भए अनुरुप यसै साधारण सभामा विशेष प्रस्ताव पेश गरेका छौं, पूंजी बृद्धिको स्वीकृति प्रदान गरि दिनु भै, तदनुसार प्रबन्धपत्र तथा नियमावलिमा समेत प्रस्तावित संशोधनलाई अनुमोदन गरि दिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

(छ) यस बैंकका संचालकहरुले बैंकलाई कुनै किसिमको रकम बुझाउन बांकि नरहेको जानकारी गराउन चाहन्छु ।

(ज) (i) कम्पनीको विवरणपत्र प्रकाशित गरी सर्वसाधारणबाट शेयर खरिदको आह्वान अहिले गरि नसकेको हुंदा शेयरबिक्री गरे वापत कसैलाई दलाली, कमिशन वा अन्य कुनै दस्तुर दिईएको छैन ।

(ii) बैंक स्थापना गर्दा सल्लाहकार सेवा (Consultant Service) उपलब्ध गराए वापत श्री Trident Consultant Co. Ltd., दुवईलाई Deffered Payment अन्तर्गत कुल यु.एस. डलर ६५000/= भुक्तानी दिने गरी सम्झौता भएकोमा यस अवधिसम्ममा यु.एस. डलर ४५000/= भुक्तानी भईसकेको र दिन बाकि यु.एस. डलर २0000/= छ । यस बारेमा नेपाल राष्ट्र बैंक बाट स्वीकृति प्राप्त गरिएको छ ।

(झ) बैंकको काम कारवाही एवम् उपलब्धीको विस्तृत जानकारी व्यवसायिक कारोवार शुरु गरेपछि ( २०५५/४/५ उप्रान्त) हुने दोस्रो वार्षिक साधारण सभामा गराउने नै छौं ।

अन्त्यमा यस बैंकले लगानीकर्ताहरुको चाहना अनुरुप आफ्नो लक्ष्य प्राप्त गर्नेछ भन्ने विश्वास दिलाउदै बैंक संस्थापना कार्यमा आवश्यक सहयोग पुर्‍याउने तपाई शेयरवालाहरु, श्री ५ को सरकारका विभिन्न निकायहरु खास गरी उद्योग विभाग (कम्पनी रजिष्ट्रारको कार्यालय) र नेपाल राष्ट्र बैंक र बैंक संचालनमा संलग्न कर्मचारीहरु प्रति संचालक समितिको तर्फबाट हार्दिक आभार प्रकट गर्दै आफ्नो प्रतिवेदन यही अन्त्य गर्न चाहन्छु । धन्यवाद,

संचालक समितिको तर्फबाट

(जगदिश प्रसाद अग्रवाल)
अध्यक्ष

**नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड विराटनगरको**
**प्रथम वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट**
**अध्यक्षको प्रतिवेदन**

शेयरधनी महानुभावहरु,

यस नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको प्रथम वार्षिक साधारण सभामा यहांहरुको स्वागत गर्न पाउंदा मलाई धेरै खुशी लागेको छ । बैंक संस्थापना भएको मिति देखि व्यवसायिक कारोवार शुरु गर्नु भन्दा अघिसम्मको अर्थात २०५४/२/१७ गते देखि २०५५/४/४ सम्मको लेखा परिक्षकको प्रतिवेदन सहितको वासलात आयव्यय विवरण यहांहरुलाई पठाइए कै छ । अत: म कम्पनी ऐन २०५३ को दफा ६४ (३) मा व्यवस्था भए अनुसार वार्षिक प्रतिवेदन देहाय अनुसार जानकारी गराउन चाहन्छु ।

(क) यस बैंकको अंकित मूल्य रु.१००/०० दरको ८,१२,५०० कित्ता साधारण शेयर बांडफांड भई सकेको छ ।

(ख) उपर्युक्त बांडफाडं भएको शेयर मध्ये बैंकको मांग अनुसार प्रति शेयर रु.१००/०० का दरले चुक्ता भुक्तानी प्राप्त भएको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

(ग) संस्थापकहरुले लिने मंजूर गर्नु भएको ८,१२,५०० कित्ता शेयर बांडफांढ भै शेयरको शतप्रतिशत रकम रु.८,१२,५०,०००/०० प्राप्त भएको कुरा लेखा परिक्षण भएको आयव्यय विवरणबाट पनि स्पष्ट भएकै छ ।

(घ) बैंकको शेयर विक्री र अन्य आयश्रोतबाट भएको आम्दानी र सो आम्दानीबाट गरिएको खर्चहरु, बांकी रहेको रकम, संस्थापना गर्दा लागेको पूर्व संचालन एवम् प्रारंभिक आदि आम्दानी खर्चहरुको विस्तृत विवरण यहांहरुलाई प्राप्त भएकै छ, जसको अध्ययनबाट यर्थाथ व्यहोरा अवगत भएकै होला भन्ने ठान्दछु ।

(ङ) (i) यस बैंकको संचालक समितिमा हाल संस्थापकहरु मध्येबाट नै नियुक्त ७ जना महानुभाव संचालकहरुको निम्नानुसार प्रतिनिधित्व रहेको छ ।

| नाम | दर्जा | ठेगाना |
|---|---|---|
| १। श्री जगदिश प्रसाद अग्रवाल | अध्यक्ष | विराटनगर ९ |
| २। श्री वासुदेव गोल्याण | संचालक | विराटनगर ९ |
| ३। श्री तुलसीराम अग्रवाल | संचालक | विराटनगर ९ |
| ४। श्री लोकमान्य गोल्छा | संचालक | गणवहाल,काठमाडौं |
| ५। श्री सुभाषचन्द्र संघाई | संचालक | काठमाडौं |
| ६। श्री निर्मल कुमार अग्रवाल | संचालक | विराटनगर ९ |
| ७। श्री सिताशरण पाण्डे (प्रतिनिधि रा.वा. बैंक) | संचालक | विराटनगर |

सार्वजनिकरुपमा सर्वसाधारणलाई शेयर निष्काशन भएपछि बैंकको प्रबन्धपत्र नियमावलिमा व्यवस्था भए अनुसार नै संचालक समितिको गठन गर्ने गरी सो अवधिसम्मको लागि आजको सभामा प्रस्ताव प्रस्तुत गरिए बमोजिम वर्तमान संचालकज्यूहरुको नियुक्ति अनुमोदन गरि दिनुहुन अनुरोध गर्दछु ।

nepāl इण्डष्ट्रियल एण्ड
कमर्सियल बैंक लिमिटेड

**Nepal Industrial &**
**Commercial Bank Ltd.**

NIC BANK

२०५५/८/१५

# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड विराटनगर
# को
# प्रथम वार्षिक साधारण सभाको
# सूचना

शेयरवाला महानुभावहरु,

यस बैंकको मिति २०५५/८/१५ गतेका दिन बसेको संचालक समितिको बैठकबाट भएको निर्णयानुसार बैंकका शेयरवालाहरुको प्रथम वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल गर्न निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुंदा उपस्थितिका लागि अनुरोध छ ।

सभा हुने मिति : २०५५ साल पौष ७ गते मंगलवार तदनुसार २२ दिसम्बर १९९८
स्थान : बैंकको प्रधान कार्यालय, विराटनगर - ९
समय : अपरान्ह ४.०० बजे देखि

**<u>सभामा छलफल गरिने विषय सूचि</u>**

१. प्रथम वार्षिक साधारण सभामा प्रस्तुत संचालक समितिको प्रतिवेदन
२. लेखा परिक्षकको प्रतिवेदन सहित २०५५ साल श्रावण ४गते सम्मको वासलात -२०५४/२/१७ देखि २०५५/४/४ सम्म ( संस्थापना भएको मिति देखि व्यवसायिक कारोवार प्रारम्भ गर्नु भन्दा अघि सम्म ) को आय व्यय हिसावको स्वीकृति
३. आ. व. २०५५/०५६ का लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने
४. बैंकको अधिकृत र जारि तथा चुक्ता पूंजि वृद्घी गर्ने सम्बन्धी विशेष प्रस्ताव
५. बैंकको प्रवन्धपत्र तथा नियमावलिमा संशोधन गर्ने
६. संचालक समिति गठनको अनुमोदन गर्ने
७. संचालकहरुलाई दिइने बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता तोक्ने ।
८. प्रथम वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने शेयरवाला र संचालकहरुको तर्फबाट एक - एक जना प्रतिनिधीको नियुक्ति
९. विविध

**<u>साधारण सभा सम्वन्धी अन्य जानकारी</u>**

१. वार्षिक प्रतिवेदन, वासलात - आय -व्यय विवरण, प्रोक्सी फारम तथा प्रवेशपत्र प्रत्येक शेयर धनीहरुलाई उहांहरुले यस बैंकमा दिनु भएको व्यक्तिगत ठेगानामा पठाइएको छ ।
२. सभामा स्वयं उपस्थित हुन असमर्थ शेयरवालाले यस बैंकको अर्का शेयरवालालाई मात्र प्रतिनिधि नियुक्त गरी निजको नाम र दस्तखत सहितको प्रोक्सी फारम बैंकको प्रधान कार्यालय, विराटनगरमा सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै दिनको २.०० बजे भित्र नै बुझाई सक्नु पर्नेछ ।
३. अन्य जानकारीका लागि बैंकको प्रधान कार्यालय विराटनगरमा (फो. नं. २१९२१) सर्म्पक राख्न हुन अनुरोध छ ।

आज्ञाले

कम्पनी सचिव
नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड
प्रधान कार्यालय

Main Road, P.O. Box 252 Biratnagar, Nepal. Tel (21) 21921, Fax 977-21-22748, Tlx 3038 NICB NP, e-mail nicb@brt.wlink.com.np

नेपाल इण्डष्ट्रियल एण्ड
कमर्सियल बैंक लिमिटेड
NIC BANK
Nepal Industrial &
Commercial Bank Ltd.

२०५५/८/१५

# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड विराटनगर
# को
# प्रथम वार्षिक साधारण सभाको
# सूचना

शेयरवाला महानुभावहरु,

यस बैंकको मिति २०५५/८/१५ गतेका दिन बसेको संचालक समितिको बैठकबाट भएको निर्णयानुसार बैंकका शेयरवालाहरुको प्रथम वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल गर्न निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुंदा उपस्थितिका लागि अनुरोध छ ।

सभा हुने मिति : २०५५ साल पौष ७ गते मंगलवार तदनुसार २२ दिसम्बर १९९८
स्थान : बैंकको प्रधान कार्यालय, विराटनगर - ९
समय : अपरान्ह ४.०० बजे देखि

**सभामा छलफल गरिने विषय सुचि**

१. प्रथम वार्षिक साधारण सभामा प्रस्तुत संचालक समितिको प्रतिवेदन
२. लेखा परिक्षकको प्रतिवेदन सहित २०५५ साल श्रावण ४गते सम्मको वासलात -२०५४/२/१७ देखि २०५५/४/४ सम्म ( संस्थापना भएको मिति देखि व्यवसायिक कारोवार प्रारम्भ गर्नु भन्दा अघि सम्म ) को आय व्यय हिसावको स्वीकृति
३. आ. व. २०५५/०५६ का लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने
४. बैंकको अधिकृत र जारि तथा चुक्ता पूंजि वृद्धी गर्ने सम्बन्धी विशेष प्रस्ताव
५. बैंकको प्रवन्धपत्र तथा नियमावलिमा संशोधन गर्ने
६. संचालक समिति गठनको अनुमोदन गर्ने
७. संचालकहरुलाई दिइने बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता तोक्ने ।
८. प्रथम वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरवाला र संचालकहरुको तर्फबाट एक - एक जना प्रतिनिधीको नियुक्ति
९. विविध

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. वार्षिक प्रतिवेदन, वासलात - आय - व्यय विवरण, प्रोक्सी फारम तथा प्रवेशपत्र प्रत्येक शेयर धनीहरुलाई उहांहरुले यस बैंकमा दिनु भएको व्यक्तिगत ठेगानामा पठाइएको छ ।
२. सभामा स्वयं उपस्थित हुन असमर्थ शेयरवालाले यस बैंकको अर्का शेयरवालालाई मात्र प्रतिनिधि नियुक्त गरी निजको नाम र दस्तखत सहितको प्रोक्सी फारम बैंकको प्रधान कार्यालय, विराटनगरमा सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै दिनको २.०० बजे भित्र नै बुझाई सक्नु पर्नेछ ।
३. अन्य जानकारीका लागि बैंकको प्रधान कार्यालय विराटनगरमा (फो. नं. २१९२१) सर्म्पक राख्न हुन अनुरोध छ ।

आज्ञाले

कम्पनी सचिव
नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड
प्रधान कार्यालय

Main Road, P.O. Box 252, Biratnagar, Nepal. Tel (21) 21921, Fax 977-21-22748, Tlx 3038 NICB NP, e-mail nicb@brt.wlink.com.np

## प्रतिनिधी नियुक्त गर्ने निवेदन

श्री संचालक समिति
नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि.
विराटनगर ।

महाशय,

....................जिल्ला ..................न.पा./गा.वि.स. ...............................वडा नं............................. बस्ने म/हामी ...............................................ले नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि.को शेयरवालाको हैसियतले २०५५ साल पौष ७ गते मंगलवारका दिन हुने प्रथम वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि ...................... जिल्ला ..................न.पा./गा.वि.स. .............................. वडा नं ..............................बस्ने त्यस **बैंकका शेयरवाला श्री**........................................ मेरो/हाम्रो प्रतिनिधी मनोनित गरि पठाएको छु/छौं ।

दस्तखत :

मिति :

✂..............................................................................................................

## नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि., विराटनगर

### <u>प्रवेश – पत्र</u>

शेयरवालाको नाम ................................................... शेयर प्रमाणपत्र नं............................

शेयरवालाको सही ................................................... शेयर संख्या ...................................

नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि. को मिति २०५५/९/७ गते मंगलवारका दिन हुने प्रथम वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेशपत्र ।